# स्थानीय राजपत्र

## चामुण्डाविन्द्रासैनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७ (संख्या ७) श्रावण ६ गते २०८१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर कार्यपालिकाले बनाएको देहाय बमोजिमको नीति सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग-२

# गरिबी निवारण नीति २०८१

स्वीकृत मिति : २०८१/०३/२८

**१. परिचय**

**१.१. पृष्ठभूमी**

नेपालको संविधानले नागरिकलाई मर्यादित जीवन बाच्न पाउने हक सुनिश्चित गरेको छ । यसमा मावन विकास समाजिक न्याय र सुरक्षा समावेशी संरक्षण नागरिकको आधारभूत आवश्यकताको परिपुर्ति जस्ता विषयमा राज्यलाई मार्गदर्शन गरी सुशासन मानव अधिकार सामाजिक र आर्थिक सम्बृद्धि सामाजिक रुपान्तरण र समावेशीकरणलाई राज्य सञ्चालनको आधारका रुपमा लिइएको छ । गरिबी निवारणका प्रयासहरूलाई नितिगत मार्गदर्शन गर्न र गरिबी निवारण सम्बन्धी कार्यक्रमहरूको समन्वय गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न गरिबी निवारण नीति आवश्यक भएको हो । संघीयता पश्चातको नेपालको कर्णाली प्रदेश अन्तरगत पर्ने दैलेख जिल्लालाई ११ वटा स्थानीय तहमा बिभाजन गरिएको छ । विकासको दृष्टिकोणले पछाडी रहेको दैलेख जिल्लामा साविकका ६० वटा गाउा विकास समिति र हालको ४ नगरपालिका र ७ गाउापालिका रहेका छन । भौतिक पूर्वाधार हिसावले हेर्ने हो भने सबै नगरपालिका र गाउापालिकाका वडाहरूलाई मोटर बाटोले छोई सकेको छ । प्राय जसो सबै स्थानीय तहमा कच्चि मोटर बाटो पुगेको भएता पनि ती क्षेत्रमा सञ्चालन भई रहेका गाडीहरू यात्रुहरू बोक्ने काम भई रहेको देखिन्छ र बाहृय क्षेत्रबाट दैनिक उपभोग्यका सामानहरू मात्र आयात हुने गरेको छ । दैलेख जिल्लाको पहिचानका लागि केही धार्मिक स्थल, मौलिक संस्कृति, गुणस्तरीय मह, स्वादिलो माछा, उच्चकोटीको खसि/बोकाको मासु साथै अरु माध्यमबाट पहिचान गराउन सकिने अवस्था देखिन्छ । परम्परागत आर्थिक गतिविधि र वाणिज्य क्षेत्रमा केही विकास भएको देखिएको भए पनि नगन्य मात्रमा रहेका , पाउरोटी उद्योग, फर्निचर उद्योग बाहेक अरु उद्योगहरू कहिकतै भएको पाईदैन । यस जिल्लाका करिब दुई तिहाई युवाहरू रोजगारीको शिलशिलामा भारत र खाडी मुलकतिर गएको पाईन्छ । यो क्रम दिनानु दिन बृद्धि भएकोले हालैको अवस्थामा युवाहरूका लागि सञ्चालन भएका जीवन उपयोगी सीप विकास र उद्यमशिलता विकास तालिममा देखिएको युवाहरूको उपस्थितिबाट स्पष्ट देखाएको छ । चामुन्डाबिन्द्रसैनी नगरपालिका तथा दैलेख जिल्लाका अन्य स्थानीय क्षेत्रमा पाईने प्राकृतिक श्रोत अलपत्र हुन गई रहेको छ भने युवाहरू विदेश पलायनको क्रम जारी नै छ । अधिकांश खेति योग्य जमिन बाझो





रहेको पाईन्छ । प्राकृतिक श्रोत साधनले सम्पन्न यस क्षेत्रको विकासका लागि युवा पिढिलाई स–साना लघु तथा घरेलु उद्योगमा संलग्न गराउन सकेमा आर्थिक गतिविधिमा गतिशिलता आउनुका साथै युवाहरूलाई विदेश पलायनबाट रोक्न सके केही वर्षमै स्वदेशमै रोजगारीका अवसरहरू सिर्जना गराउन सकिने प्रवल सम्भावना देखिन्छ ।

१.२. गरिबी सम्बन्धी विश्लेषण,

आर्थिक वर्ष २०७४/७५ मा नेपालको कुल जनसंख्याको करिब १८.७ प्रतिशत जनसंख्या गरिबीको रेखामुनी रहेको थिए । सोही आर्थिक वर्षमा नेपालीहरूको प्रतिव्यक्ति कुल राष्ट्रिय आय (प्रचलित मुल्यमा) १०१२ अमेरिकी डलर रहने अनुमान गरिएको थियो । त्यसैगरी प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (प्रचलित मुल्यमा) रु. १,०३,३३५ (अमेरीका डलर १००४) रहने अनुमान गरिएको थियो । त्यसैगरी सोही आर्थिक वर्षमा धनी र गरिब बीचको खाडल (निजी गुणक) ०.३१ रहेको थियो । मुलुकको गरिबीको विश्लेषण गर्दा यहााको गरिबी पृथक प्रकृतिको देखिन आउाछ । भौगोलिक क्षेत्र जाति लि□ अपा□ता भएका नागरिकहरू सिमान्तकृत वर्ग समेतका आधारमा मात्र नेपालको गरिबीको फैलावट गरिबीको सघनता विषमता र गहनतालाई मनन गर्न सकिन्छ । समाजको परिवर्तित संरचना बदलिदो जीवनशैली प्रविधिमा भएको विकास तथा सोको उपयोग समेतले गरिबीको आयाम र बुझाईमा सापेक्षे चिन्तन भित्रिएको छ । शहरी क्षेत्रमा अव्यवस्थित बसाई सराईको तिव्रता र विप्रेषणको प्रभावबाट ग्रामीण गरिबी केही घटेको छ । भने ग्रामीण गरिबी शहरी गरिबीको रुपमा रुपान्तरण हुने क्रम बढ्दै गएको छ । तेह्रो योजनासम्म आईपुग्दा गरिबीको रेखा मुनी रहेको जनसंख्याको ठुलो हिस्सा गरिबीको दुष्चक्रमा परिरहेको आक्तलन गरिएको थियो । हाल चौधौा योजनाको अन्त्यतिर आईपुग्दा समेत गरिबी निवारण र आर्थिक असमानताको क्षेत्रमा अपेक्षाकृत उपलब्धी हासिल हुन सकेको छैन ।

सन् २०११ मा नेपालको मानव विकास सुचकाक्त ०.४९० थियो । नौवटा आर्थिक विकास क्षेत्रहरूमध्ये काठमाण्डौ उपत्यकाले मानव विकास सुचकाक्त सबैभन्दा बढी ०.६२२ थियो भने पश्चिम मध्यपश्चिम र सुदुर पश्चिमका हिमाली क्षेत्रको मानव विकासक सुचकाक्त सबैभन्दा कम ०.३९८ रहेको थियो । मानव विकास सुचकाक्तमा माथि रहेको ५ वटा जिल्लाहरू काठमान्डौ, ललितपुर, कास्की, भक्तपुर र मनाङ थिए । चितवन जिल्ला सहित यी जिल्लाहरूको मानव विकास सुचकाक्त ०.५५ भन्दा माथि थियो । त्यसैगरी मानव विकास सुचकाक्तमा तल परेको ५ वटा जिल्लाहरू बाजुरा, बझाङ कालिकोट, हुम्ला र अछाम थिए । जातिगत विश्लेषणका आधारमा मधेशी दलित र मुस्लिम समुदायको मानव विकास सुचकाक्त तुलनात्मक रुपमा तल रहेको थियो । तथापी सन् २०१८ मा नेपालको मानव विकास सुचकाक्त ०.५७८ रहेको थियो ।

बहुआयामिक गरिबी सुचकाक्त (एम.पि.आई) का आधारमा नेपालमा जनसंख्याको २८.६ प्रतिशत मानिसहरू गरिबी रहेको पाईन्छ । यस अनुसार शहरी जनसंख्याको ७ प्रतिशत र ग्रामीण जनसंख्याको ३३ प्रतिशत मानिसहरू गरिबी रहेको देखिन्छ । मधेश र कर्णाली प्रदेशमा गरिबीको दर उच्च रहेको भुमिका बढी रहेको देखिएको छ ।

२०७२ बैशाखमा गएको महाभुकम्प तथा २०७४ सालको बढीबाट गरिबीको स्थितिमा नकारात्मक असर रहेको देखिएको छ । गरिबी निवारणका लागि स्थानीय आर्थिक क्रियाकलापहरूलाई बढाउने र आधारभूत सार्वजनिक सेवा प्रवाह क्षमताको पुर्नस्थापना लगायत पुर्ननिर्माणका कार्यहरूको प्रभावकारी कार्यान्वयन आवश्यक भएको छ ।

**१.३. गरिबी निवारण चुनौती**

क) गरिबी र पछौटेपनलाई समाजबाट रिमिट्यान्स नपाउञ्जेल नागरिकहरूको समृद्धिको चाहना सम्भव

नहुने भएको हुदा गरिबीको बुझाईमा एकरुपता कायम गरी गरिबी निवारणको प्रयासलाई एकीकृत, सार्थक र प्रभावकारी बनाउनु ।

ख) प्रत्येक वर्ष श्रम बजारमा जाने श्रमिकलाई नगरपालिका भित्रै रोजगारीको सिर्जना गरी बैदेशिक रोगजारको बहाव र प्रभावलाई न्यूनीकरण गर्नु ।

ग) कृषि पेशालाई मर्यादित बनाई व्यवसायिकरण र आधुनिकीकरण गरी आकर्षक बनाउन र कृषिमा आश्रित अधिक जनसंख्यालाई ब्यावसायिक कृषि कृषिजन्य उद्योग र गैरकृषि उत्पादनशिल क्षेत्रमा स्थानान्तरण गराउनु ।

घ) गरिब परिवारका बालबालिकाले जीवनउपयोगी शिक्षा पाउन सकेका छैनन । उनीहरूले जीवनभर न्यून ज्यालामा श्रम गर्नुपर्ने र अधिक जोखिमपूर्ण श्रम गर्नुपर्ने अवस्था रहेको हुदा गरिब पुर्नगरिबीको दुष्चक्रभित्र पर्न जाने अबस्थाबाट पार लगाउनु ।

ङ) पुजी र प्रविधिमा गरिब व्यक्ति तथा परिवारको पहुाच नगण्य छ । मुल्य बुद्धिको कारणले गरिब व्यक्ति तथा परिवारले मर्यादित जीवनउपयोगीको लागि अत्यावश्क बस्तुहरू किन्न नसक्ने अवस्था छ । यस्तो स्थितिमा गरिब व्यक्ति तथा परिवारलाई गरिबीको दुष्चक्रबाट बाहिर ल्याउनु ।

च) नगरपालिकामा रहेका बास्तविक गरिब व्यक्ति, परिवार तथा समुदाय पहिचान गरी उनीहरूको जीवनस्तर उठाउने गरी लक्षित कार्यक्रम सञ्चालन गर्नु चुनौतीपूर्ण छ ।

## १.४. गरिबी निवारण नीतिको आवश्यकता र औचित्य

क) कमजोर र विपन्न वर्गलाई माथि उठाउन गरिबी घटाउन र अन्तत : गरिबीलाई वर्तमान पुस्ताबाटै हटाउन नगरपालिका स्तरीय गरिबी निवारण नीतिको आवश्यकता रहेको छ ।

ख) गरिबी निवरणका लागि संलग्न सबै सरोकारवालाहरूका बीच समन्वय गर्न र गरिबी निवारण सम्बन्धी योजना कार्यक्रम तथा परियोजनाहरू तर्जुमा एवम कार्यान्वयन गर्ने कार्यमा मार्गनिर्देशन गर्न गरिबी निवारण नीतिको आवश्यकता देखिएको हो ।

## २. गरिबी निवरण नीति

२.१. दीर्घकालिन सोच : गरिबमुक्त र समानतायुक्त समाज

२.२. आर्थिक असमता न्यूनीकरण गर्ने एवम् गरिबीको रेखामुनि रहेको जनसंख्याको प्रतिशत घटाउने ।

## २.३. उद्देश्य

सरोकारवाला निकायहरू र स्थानीय तहको साथसाथै निजी, सहकारी र गैरसरकारी क्षेत्रको समन्वय र सहकार्यबाट गरिबी निवारणको लक्ष्य प्राप्त गर्ने यो नीतिको उद्देश्य रहेको छ ।

## २.४. नीतिहरू

प्रस्तुत नीतिको दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य हासिल गर्न देहायका नीतिहरू लिइएको छ ।

२.४.१. गरिब व्यक्ति तथा परिवारका लागि मुलुकमा उत्पादनशिल रोजगारी एवम स्वरोजगारी सिर्जना गर्ने ।

२.४.२. उपलब्ध प्राकृतिक स्रोतसाधनको उपयोगमा गरिब तथा विपन्न वर्गको न्यायपूर्ण पहुाच तथा सहभागिता सुनिश्चित गर्ने ।

२.४.३. गरिबी निवारणका प्रयासहरूमा गरिब एवम् विपन्न वर्गको सहभागितामा स्थापित गर्ने ।

२.४.४. गरिब तथा विपन्न वर्गको मर्यादित जीवनयापनका लागि न्यूनतम मानवीय आवश्यकतामा सहज र न्यायपूर्ण रुपमा पहुाच स्थापित गर्ने ।

२.४.५. गरिब र विपन्न प्रति विभिन्न स्वरुपमा हुने सबै प्रकारका विभेदको अन्त्य गर्ने ।





## २.५. रणनीति तथा कार्यनीति

माथि उल्लेखित नीतिका लागि देहायका रणनीति तथा कार्यनीति अवलम्वन गरिने छ ।

२.५.१. नीति २.४.१. गरिब व्यक्ति तथा परिवारका लागि मुलुकमा उत्पादनशिल रोजगारी एवम स्वरोजगारी सिर्जना गर्नेका लागि देहायका रणनीति तथा कार्यनीति अवलम्वन गरिनेछ ।

रणनीतिः

- गरिबी निवारण सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा सामाजिक परिचालन समेतको माध्यमबाट प्राथमिकताको आधारमा स्थान र लक्षित वर्गको समुहको पहिचान गरिने छ ।
- लघु तथा घरेलु उद्यमिहरूलाई सम्भव भएसम्म समुहमा आवद्ध गरी उद्यमशिलता तथा सीप विकास तालिममा उपयुक्त प्रविधि, लघु कर्जा र बजारीकरणमा समेत सहयोग पुऱ्याउन एकीकृत व्यबसाय विकास सेवा प्रदान गर्ने ब्यवस्था तथा औद्योगिक ग्राम स्थापना मिलाईने छ ।
- स्थानीय उत्पादन हुने बस्तुहरूको पहिचाहन गरी बजारीकरणको लागि प्रचार प्रसार गर्ने ।
- व्यावसायिलाई बजार मागमा आधारीत गुणस्तरीय बस्तु उत्पादन गर्ने क्षमता विकास उत्पादकत्व अभिबृद्धि गरी प्रतिस्प्रर्धी बन्न प्रोत्साहित गरिने छ ।
- उद्यमीहरूलाई पुजी निर्माण गर्नका लागि र बचत गर्न प्रोत्साहित गर्ने र सहकारीमा आबद्ध हुन प्रोत्साहित गरिने छ ।
- उद्यमीहरूको उत्पादनको उचित बजारीकरणको लागि वाणिज्य संघ, घरेलु तथा साना उद्योग महासंघ र लघु उद्यमी संघसाग समन्वय गरी उत्पादनको उचित बजारीकरणमा ब्यवस्था गरिने छ ।

क) प्राविधिक तथा व्यवसायिक सीप विकास तालिम कार्यक्रमहरू सञ्चालनमा सरकारी निकायहरूका साथै सहकारी संस्थाहरू गैरसरकारी संस्थाहरू, सामुदायिक संस्थाहरू र निजी क्षेत्रलाई समेत परिचालन गर्ने ।

ख) रोजगार तथा स्वरोजगारमुलक सीप विकास तालिम तथा शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेका सरकारी, सहकारी, गैरसरकारी तथा निजी क्षेत्रबीच सहकार्य समन्वय र सहजीकरण गर्ने । यस्तो शैक्षिक कार्यक्रम तथा प्रणाली मार्फत समाजमा सबै पेशालाई सम्मान गर्ने संस्कारको विकास गर्ने ।

ग) रोजगार तथा स्वरोजगारमूलक शिक्षा र प्राविधिक तथा व्यवसायिक सीप विकास तालिम कार्यक्रमहरु सञ्चालन गर्ने विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्था तथा निकायको कार्यक्रमहरूलाई गरिब लक्षित बनाउने ।

घ) स्थानीय जनशक्ति तथा स्थानीय स्रोत साधनको उपयोग हुनेगरी साझेदारी निकायहरूलाई समेत परिचालन गरी रोजगारीको सिर्जना हुने तथा गरिबलाई टेवा पुग्ने गरिबी निवारण केन्द्रीत कार्यक्रमहरू कार्यान्वयन गर्ने ।

ङ) बैदेशिक रोगजारीबाट फर्किएका युवाहरुमा रहेको सीप परिक्षण गरी प्रमाणीकरण गर्ने उनीहरूलाई आफुले आर्जन गरुको विप्रेषणलाई उत्पादन तथा सेवा क्षेत्रमा लगानी गर्न तथा संगठित कृषि तथा पशुपालन उद्यमशिलतामा लाग्न प्रेरित गर्नुका साथै उद्यमशिलता संस्था स्थापनामा सहयोग गर्ने ।

च) विपन्न मानिसहरू बसोवास गर्ने समुदायमा रहेको परम्परागत ज्ञान सीपको स्तर बृद्धि गर्न त्यस्ता स्थानमा रहेका विद्यालयमा व्यवसायिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।

छ) अनौपचारिक क्षेत्रमा संलग्न श्रमिकहरूको जीविकोपार्जन उचित ज्याला सहितको सुरक्षित र मर्यादित रोजगारी तथा स्वरोजगारी प्रवर्द्धन गर्न सम्बन्धित नियकायहरूसाग समन्वय गर्दै लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने ।

कार्यनीति

- परम्परागत पेशागत सीपलाई आधुनीकिकरण गरिने छ ।
- रोजगारमुलक सीप तथा शिक्षा सम्बन्धी कार्यक्रम गरिने छ ।

- ♦ बजार माग र जनचाहना बमोजिम उद्यम सञ्चालन गरी बस्तु उत्पादन गर्ने ।
- ♦ स्थानीय सीप र आधुनिक प्रविधिलाई प्रोत्साहन गर्ने ।
- ♦ आधुनिक तथा उपयुक्त प्रबिधिकोबारे उद्यमीलाई जानकारी गराई उत्पादकत्व बृद्धि र गुणस्तरीय बस्तु उत्पादनमा प्रोत्साहन गर्ने ।
- ♦ घरेलु तथा साना स्तरका महिला उद्यमीहरूलाई बैक्तिग तथा सहकारी मार्फत सरल सहुलियत कर्जाको ब्यवस्था गर्ने ।
- ♦ स्थानीय कच्चा पदार्थमा आधारित उद्यम गर्नेलाई सम्मान एवं पुरस्कृत गर्ने ।
- ♦ स्थानीय तहले उद्यमशिल एवं ब्यवसायिक शिक्षा उध्ययन गर्ने छात्रबृत्रिको ब्यवस्था गर्ने ।
- ♦ बैदेशिक रोजगारीबाट फर्केकाहरूलाई सीप विकास तालिममा सहभागी हुन प्राथमिकता दिने ।
- ♦ युवाहरूलाई उद्यमशिल बनाउन उद्यमशिलता तालिम सञ्चालन गर्ने ।
- ♦ स्थानीय स्रोतसाधनको अधिकतम् परिचालन मार्फत रोजगारीको सिर्जना गरिने छ ।
- ♦ बैदेशिक रोजगारिकामा आबद्ध जनशक्तिलाई स्वदेशमै रोजगारीको सुनिश्चिता हुने प्रतिबद्धता सहितको कार्यक्रम सञ्चालन गरिने छ ।
- ♦ युवाहरूलाई उद्यमशिलता बनाउन उद्यमशिलता तालिम सञ्चालन गर्ने ।

क) सहकारी तथा गैर सरकारी संस्थाहरूलाई स्थानीय स्तरमा उपलब्ध स्रोतसाधन र बजार हेरी गरिबी निवारणमा योगदान पुऱ्याउने गरी उत्पादन र आयआर्जन गर्न प्रोत्साहित गरिने छ । त्यस्ता संस्थाहरूलाई बैदेशिक रोगजारीमा जाने र गएका ब्यक्ति तथा उनीहरूका परिवारका सदस्य (विशेष गरी महिला)लाई लक्षित गरी रोगजारीका अवसरहरू सिर्जना गर्न आवश्यक नीतिगत मार्गदर्शन परामर्श दिइने छ ।

ख) गैरकाष्ठ वन पैदवार, जडिबुटी खेती तथा प्रशोधन दुग्ध उत्पादन तथा प्रशोधन ब्यवसायिक तरकारी खेती पशुपालन लगायतका क्षेत्रमा महिला, युवा विपन्न भूमिहिन शारीरिक रुपमा अशक्त तथा वञ्चितीकरणमा परेका समुदाय लक्षित गरी स्वरोजगार रोजगार र उद्यमशिलता विकासका तालिम कार्यक्रम सञ्चालन गरिने छ ।

ग) गरिब परिवारलाई रोजगार दिने र गरिबी निवारणमा योगदान दिने सहकारी, गैरसरकारी संस्था, समुदायमा आधारित संस्था तथा अन्य संघसंस्थाहरूलाई विभिन्न तवरबाट प्रोत्साहन गरिनुका साथै त्यस्ता संस्थाहरूसाग गरिब ब्यक्ति परिवार र समुदायको रुचि क्षमता दक्षता सम्भाव्यता र आवश्यकता समेतका आधारमा सीप विकास तथा ब्यवसायिक शिक्षा कार्यक्रम संलग्न गराउन आवश्यक समन्वय गरिने छ ।

घ) कृषि र पशुपालन क्षेत्रमा सहकारी खेती पद्धतिको प्रवर्द्धन एवम् संस्थागत ब्यवस्था गरी स्वरोजगारी र उत्पादन बढाउनेछ । भुमिलाई स्रोतको रुपमा सहकारिताको माध्यम मार्फत उपयोग गरी गरिबी निवारणमा टेवा पुऱ्याइनेछ ।

ङ) सरोकारवाला मन्त्रालय निकाय तथा साझेदार संस्थाहरूसाग आवश्यक समन्वम र सहकार्य गर्दै विद्यालयहरूमा व्यावसायिक शिक्षा सञ्चालन गरी विपन्न परिवारका विद्यार्थीहरूलाई सीपयुक्त वनाई उत्पादनशिल रोजगारी एवम् आयआर्जन प्राप्त गर्न सक्ने बनाईनेछ ।

च) शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय एवम् सम्बद्ध निकायसाग समन्वय गरी विभिन्न जातजातिका परम्रागत ज्ञान सीपमा आधारित रही विद्यालयहरूमा ब्यवसायिक शिक्षा सञ्चालन गर्न समन्वय गरिनेछ ।

छ) परम्परागत ज्ञान सीप र स्थानीय स्रोत साधानलाई स्थानीय समुदायको जीविका र ब्यवसायको आधारसाग रुपमा प्रवर्द्धन गरिनेछ । परम्परागत ज्ञान सीपमा आधारित पेशा तथा ब्यवसायलाई बजारसाग आवद्ध गर्ने गरी उत्पादनशिल रोजगारी सिर्जना गरिनेछ ।

ज) ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन रोजगार तथा स्वरोजगारसाग सम्बन्धित भई उद्यमशीलता विकास र प्रवर्द्धनमा क्रियाशील राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरूद्वारा सञ्चालित कार्यक्रमहरूको





नियमित अनुगमन तथा मुल्याक्तन गरी अद्यावधिक स्थिति सार्वजनिक गरिनेछ ।

झ) ग्रामीण तथा बजार क्षेत्रमा विभिन्न पेशागत सेवामुलक कार्यमा संलग्न ब्यक्तिहरू (माझि, आरण, कुमाले आदि) को परम्परागत पेशालाई संगठित गरी पकेट क्षेत्र घोषणा गर्ने एवम् उनीहरूसाग भएको मौलिक सीपको प्रवर्द्धन गरी रोजगारी तथा स्वरोजगारी र बजार सम्मको पाहुच अभिबृद्धिको लागि परामर्श दिने संयन्त्रको ब्यवस्था गरिनेछ ।

ञ) ग्रामीण तथा बजार क्षेत्रमा उत्पादन रोजगारी तथा स्वरोगारीसाग सम्बन्धी सुचना विकास र प्रवर्द्धनमा भएका गतिविधिहरू तथा रोजगार एवम् सीप विकास सम्बन्धी सुचना सम्प्रेषण गर्ने राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरको सुचना सञ्चालन निर्माण गरिनेछ । यसमा पृष्ठपोषण गर्ने प्रणाली विकास गरी रोजगारीको अवस्था नियमित अनुगमन तथा मुल्याक्तन गरिनेछ ।

ट) पहिचान भएका गरिबले गर्न सक्ने पेशा ब्यवसायको पहिचान सरकारले गरी दिने र त्यसका लागि आवश्यक पुाजी ब्यवस्था ब्यवसायको बिमा उत्पादनको भण्डारण र बिक्रिको प्रबन्धका लागि स्थानीय सहकारी तथा उपयुक्त संस्थालाई जिम्मेवार बनाउने तथा त्यस्ता संस्थालाई सरकारले अनुदान दिने ब्यवस्था मिलाउने प्रबन्ध गरिनेछ ।

ठ) विचैमा विद्यालय छोडेका युवाहरू र महिला कामदारहरूलाई बजारको माग र तिनीहरूको चाहना अनुसारको ब्यवसायिक तथा प्राविधिक तालिम दिई रोजगारी प्राप्त गर्न सक्ने बनाई श्रम बजारमा ल्याईनेछ ।

२.५.२.नीति २.४.२ उपलब्ध प्राकृतिक स्रोत साधनको उपयोगमा गरिब तथा विपन्न वर्गको न्यायपुर्ण पहुाच तथा सहभागिता सुनिश्चित गर्नका लागि देहायका रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछ ।

रणनीति :

प्राकृतिक रुपमा पाईने खानीहरूको उत्खनन गरी बजारीकरण गर्ने ब्यवस्था मिलाउने ।

- ♦ नदि किनार छेउमा रहेका जमिनमा बगर खेति गर्नको लागि आवश्यक पर्ने प्राविधिक तथा आर्थिक सहयोग गर्ने ।
- ♦ अल्लो खेति गर्न चाहने ब्यक्ति वा समुहलाई आवश्यक पर्ने प्राविधिक तथा आर्थिक सहायता गर्ने र त्यसबाट निर्माण/उत्खनन हुने सामाग्रिहरूको बजारीकरणमा सहयोग गर्ने ।

क) ब्यवसायिक कृषि पशुपालन जडिबुटि उत्पादन तथा प्रशोधन गैर काष्ठ बनपैदवार हस्तकला आदिमा आधारित तथा अन्य विधामा ब्यक्तिगत पारिवारिक वा समूहगत रुपमा उद्यमी बन्न चाहने गरिब ब्यक्ति तथा परिवारलाई आवश्यक पर्ने प्रविधि जमिन उपकरण उर्जा कच्चा पदार्थ कर्जा तथा अन्य प्रबन्ध सहज रुपमा उपलब्ध गराउन सहकारी संस्था एवम साझेदार निकायहरूसाग सहकार्य गर्ने ।

ख) कृषि उद्यमी बन्न चाहने भूमिहीन र गरिब किसानहरूलाई सरोकारवालाहरूको सहकार्यमा कृषियोग्य सहकारी जग्गा सहुलियतपूर्ण रुपमा उपलब्ध गराउने तथा निजी जग्गा भाडामा लिने र दिनेको बीचमा सहजीकरण गर्ने । कृषियोग्य जमिन भाडामा लिई करार खेती गर्ने कार्यलाई प्रोत्साह गर्ने ।

ग) लक्षित ब्यक्ति, परिवार समुदायको उद्यमशिलताका लागि आवश्यक स्रोत, कच्चा पदार्थ प्रविधि उपकरण उर्जा तथा पुाजी लगानीको लागि सम्बन्धित सरकारका निकायसाग समन्वय र सहकार्य गर्ने ।

घ) अति दुर्गम क्षेत्रमा विद्यमान निरपक्ष र जटिल प्रकृतिको गरिबी निवारणका लागि सम्भाव्य स्रोतसाधनको परिचालन गरी उत्पादन बृद्धि गर्ने बजारसम्मको पहुाच बढाउन सडक लगायतका भौतिक पूर्वाधार निर्माण कार्यमा समन्वय गर्ने ।

ङ) कृषि उत्पादन बढाई मुलुकलाई खाद्य सुरक्षामा आत्मनिर्भर बनाउन भूमिको बैज्ञानिक वितरणमार्फत भूमिमा गरिबहरूको पहुाच सुनिश्चित गराउन सम्बन्धित निकायहरूसाग समन्वय गर्ने ।

च) जलबायु परिवर्तनको प्रभाव र प्राकृतिक विपदबाट सिर्जित सक्तट कम गर्न तथा गरिब एवम् जोखिम रहेको परिवारलाई विपद्को प्रभावबाट बाहिर ल्याउन विपद् ब्यवस्थापनसाग सम्बन्धित सरकारी तथा

गैरसरकारी निकायसाग समन्वय गरी जलवायू परिवर्तन अनुकुलन कार्यक्रम सञ्चालन गर्ने ।
छ) स्वरुप विग्रिएका वन नदी तथा अन्य कृषि व्यवसाय योग्य सार्वजनिक जग्गालाई वातावरणमा प्रतिकुल प्रभाव नपर्ने गरी पहिचान प्राप्त गरिबहरूलाई उपलब्ध गराई कृषि तथा उद्योग व्यवसाय प्रवर्द्धन गरी आयआर्जन तथा रोजगारी अवसर सिर्जना गर्ने ।
कार्य नीति

- ◆ नगरपालिका क्षेत्र भित्र पर्ने खानिहरू उत्खनन गर्न आवश्यक समन्वय र सहजिकरण गरिने छ।
- ◆ नदि किनार क्षेत्रमा रहेको बााभ्रो जगगाको तथ्याक्त सक्तलन गरिने छ ।
- ◆ नगरपालिका भित्र फलफुल खेती गर्न सरकारी जमिन निश्चित अबधीका लागि दिने व्यबस्था गरिने छ ।
- ◆ घरेलु तथा साना स्तरका महिला उद्यमीहरूलाई बैक्तिग तथा सहकारी मार्फत सरल सहुलियत कर्जाको ब्यवस्था गर्ने ।
- ◆ स्थानीय कच्चा पदार्थमा आधारित उद्यम गर्नेलाई सम्मान एवं पुरस्कृत गर्ने ।
- ◆ स्थानीय तहले उद्यमशिल एवं ब्यवसायिक शिक्षा उध्ययन गर्ने छात्रछात्राहरूलाई छात्रबृतिको ब्यवस्था गर्ने ।
- ◆ बैदिशिक रोजगारीबाट फर्केकाहरूलाई सीप विकास तालिममा सहभागी हुन प्राथमिकता दिने ।
- ◆ युवाहरूलाई उद्यमशिल बनाउन उद्यमशिलता तालिम सञ्चालन गर्ने ।

क) नदी किनारामा माछा, खेतीगर्न सरकारी जग्गा निश्चित अवधिका लागि दिने व्यवस्था गरिने छ । स्वरुप विग्रिएका जमिन र कृषि प्रयोगमा नआएको जमिनको संरक्षण गरी यस्ता जमिनमा व्यवसायिक जडिबुटी, निजीवन खेती गर्न चाहने युवा कृषि उद्यामी व्यवसायिकहरूलाई आवश्यक प्राविधिक टेवा र सरल कर्जा सेवा उपलब्ध गराउन समन्वय गरिने छ ।
ख) जलबायु परिवर्तनले कृषि तथा अन्य पेशामा पार्ने प्रभावलाई कम गर्न र बदलिादो हावापानी अनुसार जोखिम तथा अवसरको पहिचान गरी गरिब परिवारलाई लाभ पुऱ्याउन सम्बन्धित निकायहरूको समन्वयमा जलवायु अनुकुलन कार्यक्रम सञ्चालन गरिनेछ ।
ग) स्वरुप विग्रिएका वन, नदी उकास गरिएको क्षेत्र, अतिक्रम हटाई खाली गरिएको क्षेत्र तथा अन्य यस्तै क्षेत्र गरिब तथा विपन्न वर्गका व्यक्ति, परिवार वा समुदायलाई कबुलियती वनको रुपमा उपलब्ध गराई वन पैदावरमा आधारित आयआर्जन तथा सीपमुलक क्रियाकलापहरू प्रवर्द्धन गरिने छ ।
घ) वन पैदवारमा आधारित घरेलु उद्योगहरू (हाते कागज, डोको बुन्ने, बेतवाास, फर्निचर उद्योग आदी) को प्रवर्द्धन गरी स्वरोजगारी सिर्जनामार्फत गरिबी न्यूनीकरणमा सहयोग पुऱ्याइनेछ ।
ङ) सामुदायिक वन उपभोक्ता समूह भित्रका अति विपन्न परिवारलाई सामुदायिक वन भित्रको कुनै क्षेत्रमा निशुल्कमा लिजमा उपलब्ध गराई आयमूलक कार्य गर्न प्रोत्साहन गरिने तथा तत्सम्बन्धी कार्यलाई सहज र सरल गराउन सम्बन्धित कानूनमा आवश्यक परिमार्जन गरिनेछ ।
च) इन्धनमा परनिर्भरता घटाई वन पैदावार (जस्तै काठ, दाउरा) को आवश्यकता परिपुर्ति गर्न कृषि योग्य क्षेत्रमा बााकी रहेका जग्गा (जस्तै खेतवारीको आली) मा समेत बहुउपयोगी प्रजातिका रुख रोपण गर्ने कार्य (एग्रोफरेष्टी) लाई प्रवर्द्धन गरिनेछ र यसको लागि निशुल्क विरुवा उपलब्ध गरिनेछ ।
छ) बायोग्याास : सोलार जस्ता पर्यावरण तथा स्वास्थ्यमैत्री इन्धनको प्रयोगलाई प्रवर्द्धन गर्न सरकारी, सहकारी, नीजि संस्थाहरूबीच आवश्यक समन्वय गरिनेछ । यस्तो कार्यका लागि गरिब तथा विपन्न परिवारलाई लक्षित गरी अनुदान तथा न्यून ब्याजदरमा सहजरुपमा कर्जा उपलब्ध गराईने छ ।
ज) राष्ट्रिय निकुञ्ज, बन्यजन्तु आरक्ष तथा अन्य पर्यटकीय क्षेत्रमा बसोवास गर्ने गरिब तथा विपन्न वर्गका





बारिन्दाहरूमा पर्यापर्यटनको लाभ पुऱ्याई गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउन घरबासको प्रवर्द्धन गर्ने तथा पर्यटकीय सेवा सञ्चालनका लागि आवश्यक तालिम (होम स्टे) जस्तै पर्यटक गाइड, कुक तालिम आदीको व्यवस्था मिलाइनेछ ।
झ) पहिचान भएका गरिब तथा भूमिहिन कृषक परिवारलाई कृषि लगायतका उत्पादनमा आधारित उद्यम गर्न मन्त्रालयबाट सहकारी संस्थामार्फत कृषि योग्य जमिन, सुलभ कर्जा र अन्य प्राविधिक सहयोग उपलब्ध गराउन सम्बन्धित निकाय बीच समन्वय गरिनेछ ।
ञ) सरोकारवाला निकायहरूसाग सहकार्य गर्दै सहकारी संस्थाहरूलाई समेत परिचालित गरी पहिचान भएका गरिब परिवारलाई लक्षित कृषि, गैरकृषि जडिबुटी, गैरकाष्ठ बनपैदवार तथा हस्तकलामा आधारित उद्यम गर्नका लागि श्रोत साधन, प्रविधि र लगानीमा पहुच पुऱ्याउन आवश्यक सहयोग र परामर्श उपलब्ध गराइनेछ ।
ट) विद्यमान परम्परागत ज्ञान, सीप र प्रविधिमा समयानुकुल सुधार र परिमार्जन गरी उद्यमी बन्न चाहने गरिब व्यक्ति परिवार तथा समुदायलाई गुणस्तरीय बस्तु तथा सेवा उत्पादन गर्न सक्ने गरी सक्षम बनाउन आवश्यक साधन श्रोत र कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**२.५.३. नीति २.४.३. गरिबी निवारणका प्रयासहरूमा गरिब एवम् विपन्न वर्गको सहभागिता स्थापित गर्नेका लागि देहायका रणनीति तथा कार्यनीति लिइनेछन ।**

**रणनीति:**

बैदेशिक रोजगारबाट सीप सिकी स्वदेश फर्केका युवाहरूलाई आयआर्जनका माध्यमबाट सामाजिक सुरक्षा र रोजगारीको अवसर प्रदान गर्नु ।

- ◆बहुसरकारको अवधारणा अनुसार सार्वजनिक निजी र सहकारी क्षेत्रको समन्यमा सहकार्य र सहभागितामा घरेलु, साना तथा लघु उद्योगको स्थापना गरी आयआर्जनमूलक कार्यक्रमा सहभागिता अभिबृद्धि गर्ने ।
- ◆गरिबी निबारण गर्नका, गरिबीको रेखामुनि रहेका ब्यक्ति, परिबार तथा समुदायहरूलाई ब्यवसायिक सीपमुलक र गुणस्तरीय शिक्षाको पहुच सुनिश्चिताको कायम गर्ने ।
- ◆पर्यटन क्षेत्रको प्रवर्द्धन र सदुपयोग गर्दै गरिबीको रेखामुनि रहेका गरिब समुदायका ब्यक्तिहरूलाई आयआर्जन मार्फत रोजगारीको अवसर सिर्जना गर्ने ।
- ◆सामाजिक, सास्कृतिक र धार्मिक क्षेत्रतर्फ सचेतना अभिबृद्धि गर्दै सुसास्कृतिक सभ्य समाजको निर्माणमा टेवा पुऱ्याउने ।
- ◆बाल विवाह, महिला हिंसा, घरेलु हिंसा, धार्मिक, सामाजिक, सास्कृतिक विकृतिको अन्य गर्दै सामाजिक न्याय, सहिष्णुता सभ्य र न्यायपुर्ण समाजको निर्माण गर्ने ।
- ◆गरिब लक्षित ब्यक्तिहरूको औसत आयु बृद्धि गर्न बाल तथा मातृ मृत्युदर घटाउने ।

क) गरिब व्यक्तिहरूलाई सहकारी संस्थाहरूमा आवद्ध गराउदै सहकारी संस्थाहरूको संस्थागत क्षमता तथा कार्यगत व्यवस्था सुदृढ गरी सहकारी संस्थाहरूलाई उद्यमशिल एवम् उत्पादक बनाउने ।
ख) कृषि तथा गैरकृषिमा आधारित सहकारी संस्थाहरूलाई आवद्ध गराई सहकारी बजार प्रणाली मार्फत उत्पादन देखि बजारसम्मको सञ्जाल विकास गरी मुल्य श्रृंखला सुचिश्चित गर्ने ।
ग) गरिब, महिला, विपन्न वर्ग, अपाङ्गता भएका व्यक्ति र लक्षित वर्गको संलग्नता, स्वामित्व र सहभागिता रहेका सहकारी, गैरसरकारी र सामुदायिक संस्थाहरूको संस्थागत क्षमता र नेतृत्व विकास गरी गरिबहरूको पहाच तथा प्रतिनिधित्व बढाउदै उनीहरूलाई सामाजिक परिचालन संलग्न गराउने ।
घ) पर्यटन क्षेत्रसाग सम्बन्धित संस्थाहरूलाई परिचालन गरी गरिबी निवारणको उद्देश्यसाग आवद्ध गर्ने एवम् पर्यटन र पर्यावरणबीचको सम्बन्धित उद्यमशिता विकास गर्ने ।

ङ) गरिबी निवारण सम्बन्धी दिगो विकास लक्ष्यहरू : सार्क गरिबी निवारण कार्ययोजना र विमस्टेक गरिबी निवारण योजनासाग सम्बन्धित कार्यक्रमहरू गरिब लक्षित गरी कार्यान्वयन गर्ने ।
च) गरिबी निवारणका सफल प्रयासहरू पहिचान गरी त्यस्ता कार्यक्रमहरूलाई गरिब व्यक्ति परिवार विपन्न वर्ग तथा समुदाय, पिछडिएको क्षेत्रमा स्थानीय स्रोत, साधन र जनशक्तिको परिचालन हुने गरी कार्यान्वयन गर्ने ।

**कार्यनिति**

◆ गरिब परिवारको बास्तविक तथ्याक्त सक्तलन गरी सो मार्फतका शिक्षा, स्वास्थ्य, कृषि, पशु लगायत सबै क्षेत्रगत नीति योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यक्रमहरू सञ्चालन गरिने छ।

◆ घरेलु तथा साना उद्योग मार्फत बैदेशिक रोजगारबाट फर्केका युवा लगायत उमेर लक्षित कार्यक्रम सञ्चालन गरी उनीहरूको आयआर्जन मार्फत रोजगारी, सामाजिक सुरक्षामा आवद्ध गर्न स्थानीय तहको बिशेष संरक्षण मार्फत कार्यक्रम सञ्चालन गरिने छ।

◆ स्वास्थ्य शिक्षा, रोजगारीबाट बञ्चीतिकरणमा परेका बालबालिका, महिला, युवा, ज्येष्ठ नागरिक, अपाङ्गता भएका, एकल महिला, अति बिपन्न नागरिकहरूलाई गरिबी निवारण निति बनाई कार्यक्रम सञ्चालन गरिने छ ।

क) गरिबहरूले स्थानीय श्रोतसाधन, सीप र लगानीमा उत्पादन गरेका मौलिक उत्पादनहरूको बजार प्रवर्द्धन गर्न सरकारी गैर सरकारी एवम् निजी क्षेत्रसाग समन्वय गरी बजार केन्द्र विकास शीतभण्डार निर्माण, निर्यात प्रवर्द्धन जस्ता कार्यक्रम कार्यान्वयन गरिनेछ ।
ख) हिमाली क्षेत्र लगायत भौगोलिकरुपमा विकट क्षेत्रहरूमा उपलब्ध श्रोत साधन र जनशक्तिको अधिकतम परिचालन गरी उत्पादन र रोजगारी बृद्धि गर्न सहकारी संस्था गैरसरकारी संस्था निजी क्षेत्र र गैरआवसीय नेपालीहरूको संगठित संस्थाहरूसाग समेत साझेदारी प्रवर्द्धन गरिनेछ ।
ग) सरकारी गैर सरकारी अन्य क्षेत्र का गरिबी निवारण केन्द्रीत कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको लागि नियमन सहजीकरण साझेदारी र समन्वय गरिनेछ ।
घ) राष्ट्रिय तथा क्षेत्रीयस्तरका कार्यक्रमहरू आयोजनाबाट गरिबी निवारणमा पुगेको योगदानको अद्यावधिक प्रतिवेदन तयार गरिने छ ।
ङ) गरिबी निवारण अल्पकालिन तथा दीर्घकालिन कार्यक्रमहरूलाई अन्तराष्ट्रिय, क्षेत्रिय तथा राष्ट्रिय लक्ष्यहरूसाग तालमेल मिलाउन समन्वय गरिनेछ ।
च) गरिबी निवारण र आर्थिक समृद्धिसाग सबन्धित आयोजनाहरूको सम्भाव्यताको अध्ययन गरिनेछ । मागमा आधारित लक्षित कार्यक्रमहरू र अध्ययनवाट उपयुक्त देखिएका कार्यक्रमहरू एक आपसमा परिपुरक हुने गरी कार्यान्वयन गरिनेछ ।
छ) समुदायस्तर, स्थानीय तह तथा प्रदेशस्तरमा प्राथमिकताका आधारमा गरिबीमुक्त क्षेत्र स्थापित गर्ने गरी सबै सरोकारवालहरूसागको सहभागिता र समन्वयमा साना, मझौला तथा ठूला आयोजनाहरू तर्जमा गरी अभियानै रुपमा कार्यान्वयनमा लगिने छ ।
ज) प्राकृतिक विपदबाट प्रभावित गरिब परिवारलाई लक्षित गरी उनीहरूको पुनर्स्थापना र जीविकोपार्जनमा सहयोग पुग्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
झ) गरिबी निवारणको लागि कार्यक्रम तर्जमा, कार्यान्वयन, समन्वय तथा अनुगमन गर्न सक्षम हुने गरी, संघ, प्रदेश र स्थानीय तहको सांगठनिक संरचनामा आवश्यकता अनुसार परिमार्जन गरिनेछ ।
ञ) सहकारी संस्थाहरूको विद्यमान संरचना, योजना तथा कार्यक्रमलाई गरिबी निवारण उन्मुलन गराउन आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।





**२.५.४. नीति : २.४.४. गरिब तथा विपन्न वर्गको मर्यादित जीवनयापनका लागि न्यूनतम मानवीय आवश्यकतामा सहज र न्यायपूर्ण रुपमा पहुाच स्थापित गर्नका लागि देहायका रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछ ।**

**रणनीति :**

◆ गरिबी निवारणका लागि गरिब वर्गको पहिचान गर्ने सुचक निर्धारण गर्ने ।

◆ गरिबी निवारणका लागि सरकारी, गैरसरकारी, नीजि संघसंस्थासाग समन्वयात्मक रुपबाट सम्बन्ध स्थापित गरी संस्थागत विकास गर्ने ।

◆ १८-५९ वर्ष उमेर समुह भित्रका बास्तविक बेरोजगारहरूको पहिचान गरी रोजगारका अवसरहरू सिर्जना गर्ने ।

◆ स्थानीय सरकारले प्रदान गर्ने सेवाको पहुाच पहिचान गरी बञ्चितिकरणमा परेका बर्ग, क्षेत्र लिङ्ग र समुदायका लागि बिशेष कार्यक्रम सञ्चालन गर्ने ।

◆ पर्यटन क्षेत्रको पहिचान गरी त्यसको सञ्चालन, ब्यवस्थापन र प्रबर्द्धन गर्ने ।

◆ गरिबी निवारणका लागि अन्तरपालिका स्तर, संघ प्रदेश स्तर राष्ट्रिय, अतराष्ट्रिय स्तरमा भएका सफल अभ्यासलाई अवलम्बन गर्ने ।

◆ गरिबी निवारणका लागि शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात, कृषिमा विकास तथा बिस्तार गर्ने ।

◆स्थानीय स्तरमा उत्पादन हुने जडिबुटिहरूको उचित सक्तलन, संरक्षण र बिक्रि बितरण गर्ने ।

क) राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायहरू एवम सरोकारवालाहरूसाग समन्वय तथा साझेदारी गरी पहिचान भएका गरिब व्यक्ति, परिवार तथा समुदाय केन्द्रीत लक्षित कार्यक्रम सञ्चालन गर्दै उनीहरूका न्यूनतम आधारभूत आवश्यकताहरू पुर्ति गर्न समक्ष बनाउने ।
ख) सुरक्षित आवास तथा जीविकासम्बन्धी व्यवस्था गर्न सम्बन्धित निकायमा समन्वय गर्ने ।
ग) गरिब व्यक्ति तथा परिवारको सामाजिक संरक्षण तथा समाजिक सुरक्षामा पहुाच बृद्धि गर्ने ।
घ) गरिब लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने सबै निकायहरूबिच प्रभावकारी समन्वय गर्ने ।

**कार्यनिति**

◆ गरिबी पहिचानको लागि सुचक निर्धारण गरी सुचकका आधारमा बास्तविक गरिबको पहिचान गर्ने ।

◆गरिबी निवारणका लागि सरकारी, गैरसरकारी तथा निजि क्षेत्रसाग समन्वयात्मक रुपमा अगाडि बढने ।

◆ १८ देखि ५९ बर्षका ब्यक्तिहरूको पहिचान गरी उनीहरूलाई सीप विकास, आयआर्जन मुलक क्षेत्रमा सहभागि गराई रोजगारको अवसर प्रदान गरी स्वरोजगार बनाउने ।

◆ स्थानीय सरकारले प्रदान गर्ने सेवा सुविधाबाट टाढा रहेका वर्ग क्षेत्र समुह समुदायका लागि बिषेश कार्यक्रम सञ्चालन गर्ने ।

◆ पर्यटन क्षेत्रको पहिचान, प्रचार प्रसार गर्ने र ति क्षेत्रहरूको ब्यवस्थापन गर्ने ।

◆ साना तथा घरेलु उद्योगको स्थापना, विकास र प्रवर्द्धन गर्ने ।

◆ स्थानीय स्तरमा उत्पादन भएका बस्तुहरूलाई सरकारी, सहकारी र निजि क्षेत्रसाग समन्वय गरी राष्ट्रिय अन्राष्ट्रिय बजारसम्म बिक्रि वितरणको उचित प्रबन्ध गरिने ।

◆ घरेलु तथा साना स्तरका महिला उद्यमीहरूलाई बैंक्तिग तथा सहकारी मार्फत सरल सहुलियत कर्जाको ब्यवस्था गर्ने ।

◆ स्थानीय कच्चा पदार्थमा आधारित उद्यम गर्नेलाई सम्मान एवं पुरस्कृत गर्ने ।

♦ स्थानीय तहले उद्यमशिल एवं ब्यवसायिक शिक्षा उध्ययन गर्ने छात्रबृत्रिको ब्यवस्था गर्ने ।

♦ बैदेशिक रोजगारीबाट फर्केकाहरूलाई सीप विकास तालिममा सहभागी हुन प्राथमिकता दिने ।

♦ युवाहरूलाई उद्यमशिल बनाउन उद्यमशिलता तालिम सञ्चालन गर्ने ।

क) शिक्षा, स्वास्थ्य, आवास, कृषि लगायत सबै क्षेत्रगत नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्दा गरिबी निवरणमैत्री बनाउन प्राथमिकता दिईनेछ । साथै गरिबका लागि विशेष प्याकेज, (ज्ञान, सीप, ऋण, बजार, समर्थन मुल्य आदी) एक साथ लैजान प्रत्येक स्थानीय तहमा एउटा संयन्त्रको व्यवस्था गरिने छ ।
ख) गरिब व्यक्ति तथा परिवारको आय बृद्धिको लागि गैर कृषिजन्य तथा औद्योगिक उत्पादन गर्ने खालका कार्यक्रम कार्यान्वयनमा जोड दिइनेछ । उनीहरूसाग भएको मौलिक सीपको प्रवर्द्धन गरिनेछ ।
ग) गरिब व्यक्ति, परिवार एवम समुदायको आधारभूत आवश्यकता पुर्ति गर्न टेवा पुग्ने गरी उद्यमशीलता विकास र प्रवर्द्धनका लागि सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रहरूसाग समन्वय गरिनेछ ।
घ) गरिबको सुरक्षित बासको आधारभूत आवश्यकता पुरा गरी उनीहरूलाई सुरक्षित र मर्यादितरुपमा उत्पादनशिल श्रममा लाग्न सक्ने बनाउन सम्बद्ध मन्त्रालय, निकाय र अन्य सरोकारवालाहरूसाग आवश्यक समन्वय गरिने छ ।
ङ) गरिबको एक्लो बसोवासलाई पूर्वाधार विकास भएको ठाउामा स्थानान्तरण गरी वा एकिकृत बसोवास विकास गरी पूर्वाधार तथा सेवाहरू एकीकृत गराई सामान्य सहयोगमा पनि गरिबी निवारण गर्न सक्ने वातावरण बनाइने छ ।
च) महिलाहरूको मातृ सुरक्षाको आवश्यकतालाई ध्यानमा राखी सम्बन्धित निकायसाग समन्वय गरी शिशु स्याहारलाई सामाजिक सुरक्षा योजनामा संलग्न गराई गरिब महिलालाई लाभान्वित गराईने छ ।
छ) पहिचान भएका गरिब परिवारका व्यक्तिहरूलाई सामाजिक संरक्षण र सामाजिक सुरक्षाको छाताभित्र समेट्ने प्रणालीको विकास गरिनेछ ।
ज) सरकारले उपलब्ध गराउने सेवा सुविधा र अनुदानमा पहिचान भएका गरिबहरूलाई प्राथमिकता दिईनेछ ।
झ) स्वास्थ्य, शिक्षा, खाद्य, खानेपानी, आवास, मानवीय सुरक्षा लगायतका आधारभूत आवश्यकताका क्षेत्रमा गरिब लक्षित गरी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
ञ) गरिबी निवारणसाग प्रत्यक्ष सम्बन्धित शिक्षा, रोजगारी, श्रम, स्वास्थ्य, खाद्य, आवास, समानता, सामाजिक न्याय, सामाजिक सुरक्षा लगायतका मौलिक हकहरू गरिबी निवारणमुखी हुने गरी प्रभावकारिरुपमा कार्यान्वयन गर्न आवश्यक समन्वय गरिनेछ ।

**२.५.५. नीति २.४.५. गरिब र विपन्न वर्ग प्रति विभिन्न स्वरुपमा हुने सबै प्रकारका विभेदको अन्त्य गर्नका लागि देहायका रणनीति तथा कार्यनीति अवलम्वन गरिने छ ।**

**रणनिति**

♦ प्राबिधिक तथा व्यावसायिक शिक्षामा जोड दिई दक्ष जनशक्ति उत्पादनमा जोड दिईने छ ।

♦ स्थानीय स्रोत साधन, सीपको पहिचान गरी रोजगारीको अवसर प्रदान गरिने छ ।

♦ गरिब घर परिवार पहिचान गरी सुचिकरण गरिने छ ।

♦ लैङ्गिक तथा विपन्न वर्गको विभेद अन्त्य गर्न आवश्यक कानून निर्माण तथा कार्यान्यवन गरिने छ ।

क) सरकारी क्षेत्र तथा सरोकारवालाहरूसाग समन्वय र सहकार्य गरी घरभित्र, कार्यथलोमा र सार्वजनिक स्थलमा महिलाविरुद्ध हुने हरेक प्रकारका हिंसा र दुव्यवहारप्रति शुन्य सहनशीलताको नीति लिईने छ । त्यस्ता हिंसा र दुव्यवहारबाट महिला तथा किशोरीको जीवनमा पर्न सक्ने प्रतिकुल प्रभाव एवम सामाजिक तथा आर्थिक जोखिम न्यूनीकरण गर्न सचेतना एवम परामर्श सेवा प्रदान गरिने छ ।





ख) सरकारी क्षेत्र तथा सराकारवालाहरूसाग समन्वय र सहकार्य गरी समाजमा विद्यमान सबै प्रकाका कुसंस्कार र कुरीतिहरू हटाई यसबाट व्यक्ति परिवार र समुदायमा परिरहेको प्रतिकुल सामाजिक तथा आर्थिक कम गरी न्याय, समता र समृद्धितर्फ उन्मुख गराइने छ ।
ग) नेपाल सरकारका विभिन्न निकायहरूका बार्षिक तथा आवधिक योजना र बजेट निर्माण प्रक्रियामा महिलाको सहभागिता सुनिश्चित हुने गरी लैङ्गिक उत्तरदायी बजेट निर्माण गरिनेछ । र सोको कार्यान्वयनमा समन्वय र सहकार्य गरिने छ ।
घ) लैङ्गिक गरिबी निवरणका लागि महिलाको घरभित्रैको अवैतनिक कार्यबोझ पुर्नभाषित र पुनर्वितरण गरी महिलाहरूलाई सामाजिक आर्थिक रुपमा लाभप्रद कार्यमा संलग्न हुन प्रोत्साहित गर्ने गरी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

**कार्यनीति**

♦ माध्यामिक तह सम्म प्रदान गरिने शिक्षामा स्थानीय तह स्तरीय छुट्टै पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गरिने छ ।

♦ किशोरी मैत्री शिक्षा प्रदान गर्न बिद्यालय तहको पाठ्यक्रममा समावेश गरिने छ ।

♦ उच्च मुल्यको बाली उत्पादन, पशुजन्य उत्पादनका लागि जनशक्ति उत्पादन गर्न बिद्यालय तहको पाठ्यक्रममा प्राबिधिक तथा व्यावसायिक शिक्षामा जोड दिईने छ ।

♦ परम्परागत कृषि प्रणालिलाई आधुनिकिकरण गर्न तालिम तथा नयाा नयाा प्रबिधिको प्रयोग गरिने छ ।

क) समाजमा विद्यामान छाउपडी, दाइजो, छुवाछुत जस्ता सबै प्रकारका कुसंस्कार तथा कुरितीहरूलाई हटाउन सबै सरोकारवालाहरूको समन्वयमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
ख) गरिबीको सघनता र गहनता वढी भएको भौगोलिक क्षेत्र, समुदाय तथा परिवारहरूको जीवनशैली तथा परम्परागत पर्वहरू मनाउने शैलीमा सापेक्ष सुधार गरी खाद्य प्रशोधन तथा भण्डारण बढी स्वस्थकर, बातावरणमैत्री र मितव्ययी बनाइने छ ।
ग) लैङ्गिक उत्तरदायी बजेट निर्माणका लागि कर्मचारीहरूको क्षमता विकास गरिने छ ।
घ) लक्षित गरिब परिवार र समुदायका महिलाहरूलाई उद्यमशिलताका लागि आवश्यक स्रोत कच्चा पदार्थ, प्रविधि, उपकरण, उर्जा तथा लगानीमा सहयोग गर्न सम्बन्धित सरकार तथा अन्य निकायसाग तालिम, अनुदान, बजार व्यवस्थापन आदीको लागि समन्वय र सहकार्य गरिनेछ ।
ङ) महिला, दलित, जनजाती, शारीरिक अशक्तता भएका व्यक्ति, सिमान्तकृत समुदाय तथा अति विपन्न परिवारका सदस्यले आफुसाग भएको सीपमा आधारित उद्यम गरेमा सहुलियत कर्जा दिन सम्बद्ध निकायसाग उचित समन्वय र सहजीकरण गरिनेछ ।
च) विभिन्न किसिमबाट वञ्चित्तिकरणमा परेका अति विपन्न परिवार र समुदायलाई परिचालनका आधारमा छनौट गरी आवश्यक दक्षता बृद्धि गराई उद्यम विकास कार्यक्रममा सहभागी गराउदै सरकारी संस्थामा आवद्ध गर्न प्रोत्साहन गरिने छ ।
छ) विभिन्न समुदायका परम्परागत सीप र पेशाको जगेर्ना तथा परिमार्जन सहित व्यवसायिकरण गर्ने गरी सीपमा आधारित व्यवसायलाई बजारको माग अनुरुप परिमार्जन गराई जीविकोपार्जनमा सुधार पुऱ्याइनेछ ।
ज) न्यायमा सबैको पहुाच स्थापित गर्न सामाजिक रुपले पिछडिएको कारण गरिबीमा परेका व्यक्ति तथा समुदायलाई कानूनी शिक्षा र सचेतनाको माध्यमबाट सशक्तिकरण गरी आधारभूत मावन अधिकारको कार्यान्वयनमा जोड दिइनेछ ।

**३. नीतिको प्रभावकारी कार्यान्वयन**

**३.१. नीतिको कार्यन्वयन व्यवस्था**

३.१.१. नीतिले लिएका उपयुक्त उद्देश्यहरू पुरा गर्नका लागि कार्यात्मक समन्वयात्मक एवम् सहकार्यात्मक र अनुगमनात्मक र सुधारात्मक समेत गरी त्रिआयमिक कार्यान्वयन रणनीति अवलम्बन गरिनेछ ।

**क) कार्यात्मक :**

कार्यात्मक रणनीतिअनुरुप नगरपालिकाले गरिबी निवारणको लागि प्रत्यक्षरुपमा आफैले सञ्चालन गर्ने कार्यक्रमहरू पर्दछन । ती कार्यक्रमहरूको नगरपालिकाले अन्य निकायहरू र साझेदार एवम सहयोगी संस्थाहरूसागको सहकार्यमा कार्यान्वयन गर्नेछ । त्यसैगरी अन्य नीतिहरू तथा यस नीतिको बीचमा नीतिगत सामन्जस्य र तादात्म्यता कायम गर्नुका साथै कार्यगत समन्वयका लागि विभिन्न निकायहरूद्वारा सञ्चालनमा रहेका तथा अव सञ्चालन गरिने गरिबी निवारणसाग सम्बन्धित कार्यक्रम, योजना तथा परियोजनाहरू बीच कार्यगत तहमा सहकार्य गरिने छ ।

**ख) समन्वयात्मक र सहकार्यात्मक :**

गरिबी निवारणसाग सम्बन्धित कार्यक्रम तथा आयोजनाहरूमा प्रभावकारी समन्वय र सहकार्य गरिनेछ । साझेदारहरूको सहयोग तथा सहकार्यमा सञ्चालनमा रहेका गरिबी निवारणसाग सम्बन्धित सबै प्रकारका कार्यक्रमहरू विच प्रभावकारी समन्वय र सहकार्य गरिनेछ ।

**ग) अनुगमनात्मक र सुधारात्मक :**

विभिन्न निकायहरूले गरिबी निवारणको क्षेत्रमा सञ्चालन गरेका योजना कार्यक्रम तथा परियोजनाहरूको स्थिति प्रभाव र नतिजा सम्बन्धी नियमित अनुगमन गर्नेछ। त्यसैगरी नेपाल सरकारका विकास साझेदारहरू र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्थाहरू सहकारी संस्थाहरू तथा अन्य सरोकारवाला संस्थाहरूद्वारा सञ्चालन भएका गरिबी निवारणसाग सम्बन्धित परियोजना तथा कार्यक्रमहरूको स्थिति प्रभाव  र नतिजा सम्बन्धी अनुगमन तथा मुल्याक्तन गरिनेछ ।

**३.१.२. संस्थागत व्यवस्था**

यो नीति कार्यन्वयनको नेतृत्व नगरपालिकाले गर्नेछ । नगरपालिकाले आवश्यकता अनुसार समन्वय समिति तथा सरोकारवालाहरू रहेको आवश्यकता संयन्त्र तयार गर्न सक्नेछ ।

**३.१.३. आर्थिक स्रोत व्यवस्थापन**

गरिबी निवारण नीतिको कार्यान्वयनलाई सघाउ पुग्ने गरी वित्तिय साधान स्रोत लगायत अन्य साधन स्रोतको व्यवस्थापनका लागि निजी र सहकारी क्षेत्रको समेत स्रोत साधन परिचालन गरिने छ साथै आवश्यकता तथा प्राथमिकता अनुसार गरिबी निवारणका लागि अन्य साझेदारहरूसाग सहकार्य र समन्वय गर्न सकिने छ ।

**३.१.४. कानूनी व्यवस्था :**

यस नीति कार्यान्वयनका लागि आवश्यक कानूनी व्यवस्था मिलाइनेछ । आवश्यकता अनुसार मार्गदर्शन, निर्देशिका एवम कार्यविधि तर्जुमा गरी लागु गर्न सक्नेछ । यस नीतिको प्रभावकारी कार्यान्वयनको लागि सहजीकरण, समन्वय र नियमकारी भूमिका निर्वाह गर्ने छ ।

**३.२. गरिबीको परिभाषा र पहिचानको आधार,**

यस नीतिको प्रयोजनका लागि गरिबी र सो सम्बन्धी अन्य विषयमा साझा परिभाषा गरिबी मापनका आधारहरू देहाय बमोजिम गरिएको छ ।





क) गरिबी मापनका आधारहरू :

१) आय
२) उपभोग
३) दिगो जीवनयापनका लागि उत्पादनशिल साधनमा पहुाच
४) शिक्षा, स्वास्थ्य तथा अन्य आधारभूत आवश्यकताका बस्तु तथा सेवामा पहुाच
५) सामाजिक विभेद तथा बहिष्करण
६) आधारभूत मावन अधिकार
७) क्षमता

ख) निरपेक्ष गरिबी भन्नाले आधारभूत मानवीय आवश्यकता बस्तु क्षमता र सेवाबाट विमुख हुने अवस्थामा जीवनयोपन गर्न बाध्य भएको स्थितिलाई जनाउने छ । यस अन्तरगत खाद्य पदार्थ र पोषणको अवस्था, शुद्ध पिउने पानी, सरसफाई सम्बन्धी आधारभूत सुविधा, आधारभूत स्वास्थ्य, सुरक्षित बासस्थान, शिक्षा र आधारभूत सूचनाको उपलब्धता आदि पर्दछन ।

ग) उपभोगका आधारमा गरिबी भन्नाले आ.व. २०७८ को मुल्यमा बार्षिक रु १९,२६१ भन्दा कम उपभोग गर्ने अवस्थालाई जनाउने छ ।

घ) आधारभूत आवश्यकताको परिपुर्तिका आधारमा गरिबी भन्नाले आधारभूत तथा मर्यादित जीवनयापनका लागि आवश्यक पर्ने सेवा सुविधाबाट बञ्चित हुनपर्ने अवस्थाबाट सिर्जित गरिबीलाई जनाउने छ ।

ङ) सक्षमताका आधारमा गरिबी भन्नाले सबै प्रकारका गरिबी र विमुखताबाट मुक्त भै आत्मसम्मान तथा आत्मनिर्देशित जीवनयापन गर्ने सक्षमताको कमीका कारणले हुने गरिबीलाई जनाउने छ ।

च) जीवनको गुणस्तरका आधारमा गरिबी, भन्नाले मानवोचित न्यूनतम जीवनयापनका लागि आवश्यक साधान अवस्था र सुविधाको कमी गर्दा भौतिक सामाजिक मनोबैज्ञानिक सन्तुष्टिका साथै आत्म सन्तुष्टिजन्य अवस्थाबाट विमुख हुने हुने स्थितिलाई जनाउाछ ।

छ) असमानता र विभेदका आधारमा गरिबी भन्नाले लैंिक, जातीय, भौगोलिक, शारीरिक तथा आर्थिक आधारमा गरिने असमान व्यवहार असुरक्षाको स्थिति बञ्चितीकरण सक्तटाभिमुखता तथा सबै प्रकारका विभेद्को अवस्थामा जीवन जिउन बाध्य हुने स्थितिलाई जनाउनेछ ।

ज) मानव अधिकारको हुनबाट हुने गरिबी भन्नाले आधारभूत हक अधिकार र स्वतन्त्रताको उपभोग गरी मानवोचित जीवनयापन गर्न पाउने नैसर्गिकता माथिको अवरोधको अवस्थालाई जनाउने छ ।

**३.३. नीति कार्यान्वयन जिम्मेवारी : नीति कार्यान्वयनका लागि नगरपालिकाको जिम्मेवारी देहाय बमोजिम हुने छ ।**

गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियम सम्बन्धी कार्य गर्ने गरिबी निवारण सम्बन्धी अध्ययन अनुसान्धान गर्ने, गरिब परिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सुचना व्यवस्थापन र नियमन गर्ने, पहिचान भएका गरिब परिवार एंवम लक्षित समूह सम्बन्धी योजना, कार्यक्रम, स्रोत परिचलान र व्यवस्थापन गर्ने, स्थानीय स्तरमा गरिबी निवारणको रणनीति तर्जुमा र कार्यान्वयन गर्ने, संघ र प्रदेशको मापदण्ड बमोजिम स्थानीय स्तरमा सामाजिक सुरक्षा योजना र व्यवस्थापन सम्बन्धी कार्य गर्ने, संघीय, प्रादेशिक र स्थानीय संघसंस्थासाग सम्पर्क, समन्वय र सहकार्य गर्ने, गरिबी निवारण सम्बन्धी नीति, योजना तथा कार्यक्रम कार्यान्वयनमा संघ र सम्बन्धीत प्रदेशसाग सहकार्य एवम समन्वय गर्ने जस्ता कार्य जिम्मेवारी स्थानीय सरकारको हुनेछ ।

**३.४. अनुगमन र मुल्याक्तन,**

नीति कार्यान्वयनको अनुगमन र मुल्याक्तन देहायनुसार हुने छ ।

क) नीतिको अनुगमन र मुल्याक्तन गर्दा नीतिको कार्यान्वयन योग्यता, प्रभावकारिता, उपलब्धी र प्रभावसम्बन्धी दृष्टिकोणलाई आधारका रुपमा लिइनेछ


ख) नीतिको नतिजामुलक कार्यान्वयनका लागि नतिजा अनुगमनका सूचक निर्माण गरिनेछ ।
ग) नगरपालिकाले यस नीतिको कार्यान्वयनको समष्टीगत स्थितिको नियमति रुपमा अनुगमन तथा मुल्याक्तन गर्नेछ ।
घ) सबै निकायले आआ^नो क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा गर्दा गरिबी निवारण नीतिको कार्यान्वयनलाई समेत समीक्षा गरी समस्याको पहिचान र समाधानको प्रयास गर्नु पर्नेछ ।

**३.५. नीतिमा परिमार्जन तथा सुधार,**

क) नीति कार्यान्वयनको सामान्यत : पााच वर्ष पुरा भएपछि स्वतन्त्र रुपमा पुनरावलोकन गरी आवश्यकता अनुसार परिमार्जन गर्न सकिनेछ ।
ख) बिभिन्न निकायहरू एवम दातृ निकाय र गैरसरकारी सामाजिक संस्थाहरूलाई समेत सहभागी गराई यस नीतिको पुनरावलोक, परिमार्जन र मुल्याक्तन गर्न सक्नेछन ।

**३.६ प्राकृतिक प्रकोप तथा बिभिन्न जोखिमको बेलामा गरिबी निवावरण कसरी गर्ने,**

क) यस नितिले प्राकृतिक प्रकोप जस्तो बाढी, पहिरो भुकम्प, आगलागि हुदा जोखिमा रहेका परिबारलाई पहिलो प्राथमिकमा रहेर उनीहरूलाई उद्धार तथा राहतका काममा सरिक हुने ।
ख) नगरपालिका तथा नगरपालिकाका वडामा हुने बिभिन्न जोखिमहरूको किसिम के के छन् सुची तयार गरी सतर्क रहने ।



आज्ञाले
भक्त बहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत